# मोलुङ गाउँपालिकाको
# गाउँसभामा अध्यक्ष श्री मणिराज राई द्धारा
# प्रस्तुत
# आ.व. २०७६/०७७ को
# बार्षिक नीति तथा कार्यक्रम

१० असार, २०७६

**मोलुङ गाउँपालिका**

प्राप्चा ओखलढुंगा

१ नम्बर प्रदेश, नेपाल

मोलुङ गाउँपालिकाको उपाध्यक्ष ज्यू,

वडा अध्यक्ष ज्यूहरु,कार्यापालिका तथा गाउँ सभाका सदस्य ज्यूहरु, र राष्ट्र सेवक कर्मचारी मित्रहरु , सुरक्षा निकायका प्रतिनिधी राजनीतिक दलका पार्टी प्रतिनिधिज्यू,पत्रकार मित्र तथा उपस्थित सम्पूर्ण बुवा आमा दाजु भाई तथा दिदि बहिनिहरु ।

संविधान प्रदत्त अधिकार सहित गठित यस गाउँपालिकाको अध्यक्षको हैसियतले यस गरिमाय सभामा आर्थिक वर्ष २०७६।०७७ को बार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा आफुलाई गौरान्वित महशुस गरेको छु । यस गौरवपूर्ण अवसरमा नेपाली नागरिकहरुको स्वतन्त्रता तथा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि जीवन बलिदान दिनु हुने सम्पुर्ण ज्ञात अज्ञात शहीदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै राजनीतिक सामाजिक,आर्थिक परिवर्तनमा नेतृत्वदायी भुमिका निर्वाह गर्नु हुने सम्पुर्ण अग्रजहरु प्रति आदरभाव प्रकट गर्दछु । नेपाली जनताहरुको लामो संघर्ष र त्याग पछिको नेपाल वर्तमानको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था, बहुलबाद, सामाजिक न्याय सहितको समानुपातिक समावेशी व्यवस्था, मौलिक हक, नागरिक स्वतन्त्रता धर्म निरपेक्षता जस्ता महत्वपुर्ण उपलब्धिहरु संस्थागत गर्न मुलुकमा ३ तहको सरकारको व्यवस्था संबिधानले जारी गरेको छ र सोही व्यवस्था अनुरुप गाउँ र देश विकासको जिम्मा हामी जनप्रतिनीधि, कर्मचारी, लगायत सम्पूर्ण जनताहरुको काधँमा रहेको जानकारी गराउन चाहन्छु । हिजो हामीले मोलुङवासी जनताहरुमा गरेका प्रतिवद्धताबाट किञ्चित विचलित नभई सोही वाचाहरु पूरा हुने दिशातर्फ उन्मुख रहेका छौ । साथै हामी सवै गाउँपालिकावासी जनताहरुको इच्छा र गुनासोलाई आत्मासाथ गर्दै देशमा राजनीतिक क्रान्तिहरु इतिहासको विभिन्न काल खण्डमा भएको गतिविधिहरुलाई अमिट पाठको रुपमा स्वीकार गरी विकास निर्माण सुशासन, आर्थिक विकास, नागरिकको क्षमता विकास र समृद्धिको लागि सहकार्य र सहमतिको साथ अघि बढ्न प्रतिबद्ध रहेका छौं । यो प्रतिबद्धता पुरा गर्न स्थानीय सरकार सवै राजनीतिक दल, निजीक्षेत्र नागरिक समाज सञ्चार जगत,सुरक्षा निकाय र मोलुङ गाउँपालिकाको शुभ चिन्तक सबैको साथ र सहयोगको अपेक्षा गर्दछौं ।

गरिमामय सभाका सम्पुर्ण सदस्यहरु ।

ओखल्ढुंगा  जिल्लाको मध्य भागमा अवस्थीत मोलुङ गाउँपालिकाले शिक्षा, स्वास्थ्य, आधारभूत सरसफाई, रोजगारी, प्रतिव्यक्ति आय लगायतका मानव विकासका सुचांकहरु प्रति मध्यजनर गर्दे गाउँपालिकालाई जिल्लामा मात्र नभई देशमा नै उत्कृष्ट स्थानीय तहको रुपमा परिचित गर्ने तर्फ हाम्रो लक्ष्य तर्फ केन्द्रित हुनेछ ।

**उपस्थित महानुभावहरु,**
**अब म यस मोलुङ गाउँपालिकाको आ.व २०७६।०७७ को आर्थिक बिकास तर्फको बार्षिक निति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

## कृषि तथा पशुपन्छी :

मोलुङ गाउँपालिकाको कृषि क्षेत्रमा प्रबल क्षमता भएको क्षेत्र हो । यहाँका अधिकांश कृषकहरु परम्परा कृषि प्रणाली अवलम्बन गरेको अवस्थामा कृषि क्षेत्रको बिकास र समृदिको लागि आधुनिकीकरण,बजारिकरण एवंम प्रविधि मैत्रि कृषि प्रणालीको बिकास गर्न निम्न नितिहरु तय गरिएको छ ।

- दिगो कृषि विकास गरी कृषकहरुलाई व्यवसायीमुखी बनाउन आवश्यक कृषि तथा पशु निति ,ऐन,नियमावली बनाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।
- कृषि क्षेत्रको उत्पादन बढाउन पकेट ब्लक,जोन तथा सुपरजोनको क्षेत्र घोषणा गर्दै लगिने छ ।
- कृषि तथा पशुजन्य बस्तुहरुको बजारीकरण र व्यवसायमुखी बनाउन पालिका स्तरीय एक संकलन केन्द्र बनाईनेछ ।
- कृषक समुहहरुलाई सक्रिय बनाई समुह दता प्रणालीलाई व्यवस्थित बस्तुनिष्ठ बनाउँदै लगिनेछ ।
- युवा जनशक्तिलाई कृषि पेशा प्रति आकर्षित बनाउन व्यवहारीक कृषि ज्ञान ,सीप,तालिम र उचित अनुदानको व्यवस्था गरिनेछ ।
-
- प्रत्येक वडास्तरमा कम्तिमा एक कृषि श्रोत व्यक्तिको व्यवस्था गरिनेछ ।
- मौसमी तथा बेमौसममीतरकारी खेतीलाई विस्तार तथा प्रोत्साहन गर्ने नीति अख्तियार गरिनेछ । तरकारी तथा नगदे बाली उत्पादन प्रदर्शन प्याकेजर प्रदर्शन सञ्चालन गरिनेछ ।
- प्रत्येक वडामा साना सिचांई तथा कुलो निर्माण तथा व्यवस्थापन गरिनेछ ।
- सहकारी कृषि प्रणालीलाई प्राथमिकता राखिनेछ ।
- माटो परीक्षणबाली उपचार शिविर गरी आवश्यकता अनुसार कृषि चुनको वितरण गरिनेछ ।
- कृषकलाई सिजन अनुसारको उन्नतबिउ किट वितरण गरिनेछ ।
- कृषि उत्पादन वृद्धि तथा व्यवस्थापनको लागि नमूनाको रुपमा प्रत्येक वडामा कृषि सामग्रीहरु वितरण गरिनेछ ।
- बेमौसमी तरकारी खेती तथा उच्च क्षेत्रमा पनि तरकारी उत्पादन गर्नका अनुदानमा लागि प्लाष्टिक टनेलको वितरण गरिनेछ ।
- तरकारी तथा फलफुल खेतीको लागि स्थलगत घुम्ती तालिम सञ्चालन गरिनेछ

- आलु खेतीलाई व्यवस्थित र प्राथमिकतामा राखेर कार्यक्रम सञ्चालन गरिनेछ ।
- गाउँपालिकामा पशुविकास कार्यक्रम(बाख्रा, कुखुरा, बगुंर वितरण) सञ्चालन गरिनेछ ।
- पशु आहारा विकास कार्यक्रम( घाँस वितरण सञ्चलन गरिनेछ ।
- कृषकलाई दुग्ध उत्पादनमा प्रोत्साहन गर्ने नीति अख्तियार गाउँपालिकामा गरिनेछ । कम्तिमा
- एउटा दुग्ध संकलन केन्द्र स्थापनागरिनेछ ।
- पशु रोग नियन्त्रण कार्यक्रम सञ्चालन गरिनेछ ।
- टोल टोलमा प्राविधिक, विषेशज्ञ सेवा कार्यक्रम लागू गरिनेछ ।
- पशु नश्ल सुधार कार्यक्रम सञ्चालन गरिनेछ ।
- सामुहिक पशु फार्म सञ्चालनलाई गाँउपालिकामा दर्ता गर्न प्रोत्साहन गरिनेछ । र पशु त्यस्तो फार्मलाई गाउँपालिकाबाट अनुदान दिने व्यवस्था गरिनेछ ।
- मोलुङ गाउँपालिका भित्र खपत हुने पशुजन्य बस्तुहरुको उत्पादनमा बृदि गरी आयात प्रतिस्थापन गरिनेछ ।
- पशुजन्य उत्पादनमा बृदि गर्न **Heat Syncronization** प्रविधिको बिकास गरिनेछ ।

## संस्कृति तथा पर्यटन :

- गाउँपालिकामा रहेकामन्दिर, देवीथान तथा गुम्बाहरुको मर्मत संभार तथा संरक्षण गरिनेछ ।
- पर्यटनको प्रचुर सम्भावना रहेको मोलुङ गाउँपालिकामा पर्यटकीय क्षेत्रको अध्ययन गरी पूर्वाधार बिकास गर्दै पर्यटनलाई रोजगारीको श्रोतको बिकास गर्ने निति अपनाईने छ ।
- पर्यटन क्षेत्रलाई बिकास गर्न DPR तयार भए अनुसार सेप्ली झरनाको पर्यटकीय पूर्वाधार निर्माण गर्न आवश्यक पहल गरिनेछ ।
- कुन्तादेवी कोटगडी र जलजलेश्वर त्रिवेणी धाम क्षेत्रलाई धार्मिक एवंम् पुरातात्वीक संस्कृतिको संरक्षण गर्दै धार्मिक पर्यटनको रुपमा बिकास गर्न आवश्यक पूर्वाधार निर्माण गर्दै लगिने छ ।
- थानी ढुँगा रामपुर र तीनतले डाँडा श्रीचौर लाई छोटो दुरीको पदर्मागको रुपमा बिकास गरिनेछ ।

## उद्योग तथा वाणिज्य :

- उद्योग ग्रामको स्थापनाको सम्भाव्यता अध्ययन गरी उद्योग स्थापना गर्नका लागि संघ र प्रदेश सरकारसंग सहकार्य गरिनेछ ।
- गाउँपालिकामा स्थानीय श्रम सीप र प्रविधिमा आधारित लघु उद्योगहरु स्थापना गराउने नीति लिइनेछ ।
- परम्परागत कुटीर उद्योगहरुको संरक्षण र बिकास गर्ने उचित पहल गरिनेछ ।
- लघुउद्यमीको संख्या बृदि गर्नको लागि आवश्यक पहल गरिनेछ ।
- लक्षित वर्गको आय आर्जनमा टेवा पुग्ने कार्यहरु सञ्चालन गरी रोजगारी सृजना गर्ने नीति लिइनेछ ।

● गाउँपालिका भित्र सञ्चालित सम्पूर्ण साना मझौला लघु उद्यमहरुलाई गाउँपालिकामा दर्ता गराउने नीति लिइनेछ।

● उपभोक्ता हितको संरक्षण गर्न समय समय बजार अनुगमन गर्ने कार्यहरुलाई निरन्तरता दिइनेछ ।

## सहकारी :

● गाउँपालिका भित्रका सहकारी संस्थाहरुलाई उत्पादनशिल र रोजगारी सिर्जना गर्ने कार्यक्रम तर्फ प्रोत्साहित गरिनेछ ।

● सहकारीको अनुगमन निरीक्षण गरी वित्तीय सुशासन कायम गर्न तर्फ जोड दिइनेछ ।

● सहकारीको माध्यमबाट व्यवसायिक कृषि, घरेलु तथा साना उद्योगको स्थापना गरी नागरिकहरुको जीवन स्तर उकास्ने नीति लिइनेछ ।

● राज्यको ३ खम्बे अर्थनिति अनुसार गाउँमा छरिएर रहेको स्रोत साधनहरु लाई एकिकृत गर्दै जनतालाई लगानी गराई व्यवसायमुखी बनाउन सहकारी क्षेत्रसंग आवश्यक समन्वय गरिनेछ ।

## वित्तीय क्षेत्र :

● नागरिकलाई बैंकिङ्ग सेवामा पहुँच अभिबृद्धि गर्न गाउँपालिका भित्र स्थापित बैंक तथा वित्तीय संस्थाहरुलाई जनताको घर दैलोसम्म पुग्ने बातावरण सृजना गरिने छ ।

● वित्तिय क्षेत्रहरुलाई पूजी निर्माण हुने, उत्पादनशील क्षेत्र र रोजगारी सृजना हुने क्षेत्रहरुमा लगानी गर्न उपयुक्त वातावरण सृजना गरिनेछ ।

● प्रत्येक व्यक्तिलाई अनिवार्य रुपमा खाता खोली बचत गर्ने बानीको विकास गर्न उत्प्रेरण गरिनेछ ।

● हरेक नागरीकलाई बैङकीङ कारोबार सहज र सरल बनाईनेछ ।

● बाणिज्य बैंक, विकास बैंक, फाइनान्स, लघु वित्त र सहकारीमा निष्कृय रहेको पूजीलाई उत्पादन मुलक क्षेत्रमा लगानी गर्न प्रोत्साहीत गरिनेछ ।

**उपस्थित महानुभावहरु,**
**अब म यस मोलुङ गाउँपालिकाको आ.व २०७६।०७७ को सामाजिक बिकास तर्फको बार्षिक निति तथा कार्यक्रम प्रस्तुत गर्दछु ।**

## शिक्षाः

● गाउँपालिका भित्र रहेका सम्पुर्ण माध्यमिक विद्यालयहरुमा प्रबिधि मैत्रि सिकाई व्यवस्था गरिनेछ ।

● “एक स्थानीय तह एक प्राविधिक विद्यालय” संघीय सरकारको नीति बमोजिम श्री बरुणेश्वर मा.वि. रामपुर र श्री शिवदुती मा.बि प्राप्चामा सरु भएको प्राबिधिक धार तर्फको (सिभिल ईन्जिनियरीङ र भेटेनरी ) शिक्षालाई गुणस्तरीय बनाउँदै लगिनेछ ।

● विद्यालयको शैक्षिक गुणस्तर उकास्न अध्यापन र परीक्षा प्रणालीलाई मर्यादित, व्यवस्थित र आधुनिक बनाइनेछ ।

● विद्यार्थी संख्याको आधारमा विद्यालयलाई मर्ज र तह घटाउने नीति अवलम्बन गरिनेछ ।

●शिक्षामा सवैको पहुँच स्थापना गर्ने नीति अवलम्बन गरिनेछ ।

● गाउँपालिका भित्रका सवै सामुदायिक तथा निजी विद्यालयहरुको नियमित रुपमा अनुगमन र मुल्यांकन गरी शैक्षिक सुधार गर्न तर्फ केन्द्रित हुने नीति लिइनेछ ।

● सामुदायिक विद्यालयका शिक्षकहरुलाई समय सापेक्ष तालिमको व्यवस्था गरी आवश्यकता र औचित्यताको आधारमा अन्तर स्थानीय तह दरवन्दी मिलान गरीनेछ ।

● हरेक विद्यालयहरुमा अतिरिक्त क्रियाकलापहरुको संचालन गरि विद्यार्थीहरुको चौंतर्फी विकासमा टेवा पुऱ्याउने नीति लिइनेछ ।

● सामुदायिक विद्यालयहरुमा जनप्रतिनिधि, कर्मचारी विद्यालय व्यवस्थापन समिति र शिक्षकका सन्ततिलाई भर्ना गर्ने उत्प्रेरीत गरिनेछ ।

●सामुदायिक विद्यालय आधारभूत र माध्यमिक तहमा अध्ययनरत विद्यार्थीहरुको लागि विभिन्न छात्रबृत्ति वितरण गरिनेछ ।

● शैक्षिक प्रशासनलाई चुस्त, दुरुस्त र जवाफदेही वनाउन नियमित अनुगमन गरिने छ ।

● शैक्षिक प्रशासन सुधारमा प्रविधिको प्रयोग र प्रभावकारितालाई बढी जोड दिइने छ ।

● शिक्षण सिकाईमा सूचना प्रविधिलाई उच्चतम जोड दिइने छ ।

● बाल गृह संचालनमा सहयोग प्रदान गरिनेछ ।

● गाउँपालिका भित्रका शैक्षिक व्यवस्थापन राम्रो भएका विद्यालयहरुलाई सुचकहरु निर्धारण गरी आधारभूत तथा माध्यमिक विद्यालयहरुलाई पुरस्कृत गरिने छ ।

● कक्षा शिक्षणमा प्रविधिको प्रयोग, विषयगत कक्षा शिक्षणमा जुट्न विद्यालयलाई उत्प्रेरणा प्रदान गरिनेछ ।

● गाउँपालिकाको छुट्टै शैक्षिक क्यालेण्डर प्रकाशन गरिने छ ।

● गाउँपालिका भित्रका विद्यालय स्तरीय खेलकुद प्रतियोगिता आयोजना गरिनेछ ।

● गाउँपालिकाको उच्च शिक्षाको एक मात्र केन्द्र शहिद आदर्श क्याम्पसको उन्नति प्रगतिमा हरसम्भव पहल गरिनेछ ।

● विद्यालयको भौतिक संरचनालाई भुकम्प प्रतिरोधि, अपांग मैत्रि  बाल मैत्री बनाइनेछ ।

● प्राथमिक तह देखिनै कम्प्युटर तथा सूचना प्रविबि शिक्षामा जोड दिइनेछ ।

● शैक्षिक समानता,गुणस्तरीय शिक्षमा एकता,मोलुङ गाउँपालिकाको प्रतिबद्धता भन्ने नारालाई कार्यान्वयन गर्न कार्यक्रम तय गरि कार्यान्वयने गरिन छ ।

● शैक्षिक संस्थामा कार्यारत लेखा कर्मचारी तथा कार्यालय सहयोगीहरुको मनोबल उच्च पार्दै र प्रोत्साहन स्वरुप आन्तरिक श्रोतबाट उचित सुविधाको व्यवस्था गरिनेछ ।

## स्वास्थ्य :

स्वस्थ नेपाल समृद्ध नेपाल,समद्ध नेपाल,सुखी नेपाली भन्ने मुल नाराका साथ स्वास्थ्य क्षेत्रमा निम्न निति अपनाईने छ ।

● स्थानीय सरकारको आधारभुत स्वास्थ्य सेवा प्रदान गर्ने अधिकार स्वरुप जनताको मौलिक हकको रुपमा रहेको स्वास्थ्य सेवालाई सुदृढ र गुणस्तरीय बनाईने छ ।

● बालबालिकाहरुको स्वास्थ्यलाई मध्यनजर गरी खोप, पोषण, भिटामिन 'ए' आदि जस्ता कार्यक्रमलाई प्रभावकारी बनाउन ६ स्थानमा खोप केन्द्र भवन स्थापना गरिनेछ ।

● प्रत्येक नागरिकले कम्तिमा पनि बर्षको एक पटक स्वास्थ्य परीक्षण गर्ने र रोग पहिचान भएका ब्यक्तिको समयमै उपचार गराउन सहजिकरणको लागी गाउँपालिकाको केन्द्रमा स्वास्थ्य परीक्षण प्रयोगशाला र आवश्यक जनशक्तिको व्यवस्था गर्न सम्बन्धित निकाय संग पहल गरिने छ ।

● आधारभूत स्वास्थ्य सेवामा सबैको सहज पहुँच बढाउनका लागि गाउँपालिका, निजी तथा गैरसरकारी निकायहरुबाट एकीकृत रुपमा विशेष कार्यक्रमहरु सञ्चालन गरिने छ ।

● १५ शैय्या अस्पताल स्थापना गर्न उपयुक्त जग्गा पहिचान गरी प्रदेश र संघीय सरकार समक्ष माग गरिने छ ।

●स्वास्थ्य विमा कार्यक्रमलाई प्रभावकारी रुपमा अगाढि बढाईने छ ।

● महिला स्वयम सेविकाको सेवालाई अझ प्रभावकारी बनाउन प्रोत्साहन भत्तालाई निरन्तरता दिदै अभिमुखीकरण तालिम संचालन गरिने छ ।

● मातृ–शिशु स्वास्थ्यमा सुधार ल्याउन गाउँपालिकामा परिचालित सरकारी गैह्र सरकारी संस्थाका कार्यक्रमहरुलाई परिणाममुखी र प्रभावकारी बनाइने छ ।

● मातृशिशु स्याहार तथा मृत्युदर कमी गराई आमा शिशुको स्वास्थ्य स्तर सुधार्न बर्थिङ सेन्टरलाई व्यवस्थित गरी २४ सै घण्टा सेवा प्रदान गर्ने व्यवस्था गरिनेछ ।

● प्रजनन स्वास्थ्य सुरक्षित मातृत्व जस्ता कार्यकमलाई प्रभावकारी बनाई किशोर किशोरीलाई आवश्यक सेवा परार्मश जस्ता कार्यकम प्राथामिकताका साथ संचालन गरिने छ ।

●अपाङ्ग तथा ज्येष्ठ नागरिकहरुलाई स्वास्थ्य सेवाको पहुँचमा बिशेष प्राथामिकताका साथ सेवा प्रवाह गरिने छ

● गाउँपालिका भित्रका स्वास्थ्य सस्थाहरुको सेवा प्रबाह र गुणस्तर सुधारको लागी थप अनुदानको ब्यबस्था मिलाइने छ ।

● नेपाल सरकारले निशुल्क रुपमा उपलब्ध गराउन सुचिकृत गरेका औषधिहरु निशुल्क रुपमा बर्ष भरी उपलब्ध गराउन आवश्यक पहल गरिने छ ।

●स्वास्थ्य इकाई लाइ स्वीकृति को लागी प्रदेश एबम संघीय सरकार संग माग गरि स्वास्थ्य इकाई थप ब्यबस्थित बनाउन पहल गरिनेछ ।

- प्रत्येक माध्यमिक बिद्यालयमा किशोरीहरुलाई आइपर्ने समस्या समाधानको लागी उचित कार्यक्रम ल्याइने छ ।
- योग सिबिर तथा नसर्ने रोग ब्यबस्थापन गर्न आयुर्बेद गाउँघर क्लिनिक संचालन गरिनेछ ।
- सञ्चालित बर्थिङ सेन्टरहरुलाई निरन्तरताका साथै स्वास्थ्य संस्थामा सुत्केरी भएबापत दिइने प्रोत्साहन भत्तालाइ निरन्तरता दिइनेछ ।
- सामूदायिक मानसिक स्वस्थ तथा मनोसामाजिक सहयोग कार्यक्रमलाई पालिकास्तरमा व्यापक जनचेतनामूलक कार्यक्रम र मानसिक स्वस्थ सेवा उपलब्ध गराउने व्यवस्था गरिने छ ।
- फोहोरमैलाव्यवस्थापनको लागिा फोहोर कन्टेनरको व्यवस्था गरिनेछ ।
- पूर्णखोप दिगोपना कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- पाठेघर खस्ने रोगीहरुको स्कीनिङ क्याम्प सञ्चालन गरिनेछ ।
- विद्यालयमा स्वास्थ्य शिक्षा कार्यक्रमलाई अझ प्रभाबकारी रुपमा अगाडि बढाइनेछ ।
- परिवार नियोजन सेवा अन्तर्गत लामो जन्मान्तरका साधनहरुलाई सशक्त बनाइनेछ ।
- नियमित रुपमा खानेपानी गुणस्तर जाँच गर्ने व्यवस्था गरिनेछ ।

- माहामारी तथा प्रकोप जन्य रोगहरुकोनियन्त्रणका लागि **Act Immediate** को अवधारणा लागू गरिनेछ ।

## वातावरण, खानेपानी ताथ सरसफाई :

- **संविधानले व्यवस्था गरेको स्वच्छ** सफा खानेपानी सम्बन्धी मौलिक हकको प्रत्याभुत गर्न उचितव्यवस्था गरिनेछ ।
- खुला दिशामुक्त क्षेत्र घोषणा भइसकेको हुनाले यसको प्रभावकारी कार्यान्वयन गर्ने तथा स्वास्थ्य वातावरण कायम गर्न विशेष कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- खानेपानी मुहानहरुको पहिचान ,संरक्षण गरिनेछ ।
- बजार क्षेत्रको फोहोरमैला व्यवस्थापनको लागि फोहोर विर्सजन (डम्पिङ केन्द्रसाइड ) को व्यवस्था गरिनेछ र बजारलाई सफा तथा सुन्दर बनाइनेछ ।
- गाउँपालिक भित्र रहेको वनजङगलको संरक्षण गरिने साथै जलधार संरक्षण,भुसंरक्षण र जलउत्पन्न प्रकोप नियन्त्रणको लागि गाउँपालिकाले उचित व्यवस्था गर्ने छ ।

## द्वन्द्ध व्यवस्थापन :

- विभिन्न कारणबाट सिर्जित सामाजिक विवाद, झगडा तथा द्वन्द्धलाई सामाजिक मेलमिलापकर्ता तथा न्यायिक समितिबाट निरुपन गरिनेछ ।
- वडामा मेलमिलाप समिति गठन गरी कार्यान्वयनमा ल्याइनेछ ।
- नैतिक शिक्षालाईप्रबर्द्धन गर्नेखालका कार्यक्रमहरु सञ्चालन गरिनेछ विभिन्न । पम्लेट, पर्चा तथा पोस्टर सामग्रीहरु उत्पादन तथा वितरण गरिनेछ ।
- सामाजिक विभेद, बहिस्कार र अन्याय गर्नेलाई निरुत्साहित गरिनेछसाथै। सामाजिक अभियानकर्ताहरुलाई उत्साहित तथा पुरिस्कृत गरिनेछ ।

## लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण :

मोलुङ गाउँपालिकामा रहेको प्रत्येक योजना/निति निर्माण तथा कार्यान्वयन पक्षमा लैङ्गिक समानता र सामानिक समाबेशिकरणको निति अपनाईने छ ।

## महिला शसक्तिकरण र रोजगारी :

- महिलाहरुको लागि लक्षित कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- महिला हिंसा अन्त्य गर्न सामाजिक संघ संस्था, शैक्षिक संस्था तथा सरकारी निकायसँग समन्वय तथा चेतनामूलक कार्यक्रम सञ्चालनगरिनेछ ।
- अन्तर्राष्ट्रिय नारी दिवस(मार्च ८)लाई भव्य रुपमा मनाइनेछ ।
- निरक्षर महिलाहरुको लागि प्रोढ शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ ।
- महिला पुरुष समविकास तालिम सञ्चालन गरिनेछ ।
- युवा स्वरोजगार कार्यक्रमलाईगम्भिरताको रुपमा लिइनेछ ।
- **युवा तथा खेलकुद :**

स्वास्थ्यका लागि खेलकुद राष्ट्रका लागि खेलकुद को निति अनुरुप मोलुङ गाउँपालिकाले युवा तथा खेलकुद क्षेत्रमा निम्न निति अबलम्बन गर्नेछ ।

- मोलुङ गाउँपालिकाले गाउँपालिका स्तरको खेलकुद प्रतियोगिता गरिनेछ । जसको कारण विभिन्न खेल प्रतिभा भएका खेलाडीहरुको उत्पादन हुने र मानिसहरुलाई स्वास्थ्य रहन मदत पुग्नेछ ।
- विभिन्न विद्यालयहरुमा अतिरिक्त क्रियाकलापमा जोड दिई खेलकुदको विकास गर्न पहल गरिनेछ ।
- हरेक वडाहरुमा एक वडा एक खेलमैदान नीति अवलम्बन गरी बजेट विनियोजन गर्न सुरु गरिनेछ ।
- निजामती दिवसको अवसरमा मैत्रीपूर्ण व्याटमिन्टन प्रतियोगिता सञ्चालन गरिनेछ ।
- बालबालिकालाई खेल सामाग्रीहरु वितरण गरिनेछ ।

## श्रम तथा रोजगार :

● संविधान प्रदत रोजगारी सम्बन्धी मौलिक हकको प्रत्याभुत गर्न कार्यविधि बनाई प्रधानमन्त्री स्वरोजगार कार्यक्रमसंग समन्वय गरी निरन्तर रोजगारीको सृजना गरिनेछ ।

● शैक्षिक वेरोजगार युवा युवतीहरुको तथ्याक संकलन गरी इच्छा र योग्यताका आधारमा युवा स्वरोजगार क्षमता विकास तालिमहरु संचालन गरिनेछ ।

● स्थानीय स्तरमा उत्पादित वस्तु तथा सेवाको उपभोगलाई प्राथमिकता दिई उत्पादन बृद्धि, रोजगारी सृजना र आय आर्जन बृद्धिमा जोड दिइने छ ।

● लघु उद्यमीहरुको संख्या बृद्धि गरिनेछ ।

● निजि तथा सहकारी क्षेत्रसंग समन्वय गरी आवश्यक रोजगारीको सृजना गर्ने बाताबरण मिलाईने छ ।

**उपस्थित महानुभावहरु,**
**अब म यस मोलुङ गाउँपालिकाको आ.व २०७६।०७७ को पूर्बाधार बिकास तर्फको बार्षिक निति तथा कार्यक्रम प्रस्तुत गर्दछु ।**

## सडक तथा पुल :-

- मोलुङ गाउँपालिकाको सडकहरुको पालिका स्तरीय सडक ,वडा स्तरीय सडक र अन्य सडकको रुपमा बर्गिकरण गरी पालिका र वडा स्तरीय सडकहरुलाई नियमित सञ्चालन हुने व्यवस्था गरिनेछ ।
- सडक निर्माण र मर्मत कार्य गर्दा आवश्यकता र औचित्यताको अध्ययन गरी वातावरणीय प्रभाव मुल्याङ्कन अनुरुप सडक योजना छनौट गरिनेछ ।

## • सिँचाई :

- ● मोलुङ गाउँपालिका भित्रका मुख्य खेती योग्य फाँटहरु जरायटार,रामपुरटार, लगायतमा सम्भाव्यता अध्ययन गरी सिंचाईको प्रबन्ध गरिनेछ ।
- ● बेमौसमी तथा हिँउदे तरकारी खेतीको लागि प्लाष्टिक पोखरी निर्माण गरी सिंचाइको प्रवन्ध गर्ने नीति लिइनेछ ।

## जलविद्युत :

- मोलुङ गाउँपालिका भित्रका सम्पूर्ण वडामा केन्द्रिय प्रसारण लाईन बितरण गर्न आवश्यक पहल गरिने छ ।
- मुख्य सडकको आसपास,चोक लगायत मुख्य बजार क्षेत्रहरुमा सौर्य सडक वत्तीको व्यवस्थालाई निरन्तरता दिइनेछ ।
- विद्यालय, स्वास्थ्य चौकी, पर्यटकीय तथा धार्मिक स्थलमा वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र सँगको सहकार्यमा सौर्य वत्ती जडान गर्ने नीति लिइनेछ ।
- गाउँपालिकाबाट बिद्युत पोल र तार आवश्यक वडाहरुमा बितरण प्रशारण गरिनेछ ।
- मोलुङ गाउँपालिका स्तरीय लघु तथा साना जलविद्युत आयोजनाहरुको प्रबर्द्धन गर्ने निति अपनाईनेछ ।

## भवन तथा शहरी बिकास :

- मोलुङ गाउँपालिका भित्र कुनै पनि भौतिक पूर्वाधार निर्माण गर्दा गाउँपालिकाको पूर्वाधार व्यवस्थापन ऐन वमोजिम स्विकृती लिनु पर्ने व्यवस्थालाई प्रभावकारी रुपमा लागु गरिनेछ ।
- गाउँपालिका क्षेत्र भित्र व्यवसायिक वा आवासीय घर निर्माण गर्दा गाउँपालिकाबाट अनिवार्य नक्शा पास तथा अनुमति लिएर मात्र भवन तथा घर निर्माण गर्नु पर्ने छ ।
- एकिकृत बस्ती बिकास कार्यक्रमलाई अन्य वडामा पनि सञ्चालन गर्ने व्यवस्था गरिनेछ ।
- गाउँपालिका भित्र उपयुक्त स्थानमा वहुउद्देश्यीय कभर्डहल निर्माणमा पहल गरिनेछ ।
- रामपुर जरायटार ढाँडबेसी फुयाल गाउँ सुनुवार गाउँ दाहाल गाउँ लगायतका स्थानहरुमा एकिकृत बस्ती विकासका लागि उचित पहल गरिनेछ ।

## सञ्चार :

- मोलुङ गाउँपालिकाले उच्च गुणस्तरयुक्त डेडिकेटेड ईन्टरनेट बिस्तार गरी सुचना प्रविधि मैत्रि कार्यालयको बिकास गर्ने व्यवस्था मिलाईने छ ।
- मोलुङ गाउँपालिकाका प्रत्येक वडाहरुमा **FREE WIFI** सेवा इन्टरनेट बिस्तार गरिनेछ ।

**उपस्थित महानुभावहरु,**
**अब म यस मोलुङ गाउँपालिकाको आ.व २०७६।०७७ को बन बाताबरण तथा विपत व्यवस्थापन तर्फको बार्षिक निति तथा कार्यक्रम प्रस्तुत गर्दछु ।**

## वन तथा भु-संरक्षण :

- मोलुङ गाउँपालिका भित्रका परम्परागत रुपले व्यबस्थापन हुदै आएका सामुदायिक वनलाई बिभिन्न काष्ठ जन्य, कृषि जन्य, गैरकाष्ठ कच्चा पदार्थ उत्पादन स्थलको रुपमा विकास गर्ने निति लिइने छ ।
- गाउँपालिकाको सार्वजनिक जग्गा खाली भिर पाखोहरुमा बृक्षारोपण गर्ने नीति लिईनेछ ।
- वनक्षेत्रमा उपलब्ध हुने चिराइतो, मछिनो,अम्रिसो, कुरीलो, वेदबाँस जस्ता विभिन्न प्रजातिका रुख विरुवा एवं जडीबुटीलाई व्यवसायिक खेती तर्फ उन्मूख गरी आय आर्जनको माध्यम बनाउने नीति लिईनेछ ।
- भुक्षय नियन्त्रण तथा जग्गा बिकास, जलाधार संरक्षण, जैबिक बिबिधता संरक्षण आदिमा विशेष ध्यान दिइनेछ ।
- सामुदायिक वनमा पर्यटन उद्यम प्रवर्द्धन गर्ने नीति लिइनेछ ।

## जलाधार संरक्षण :

● मुहान तथा पोखरीहरुको संरक्षण गरी रिर्जभ सिस्टममा ध्यान पुर्‍याइनेछ ।

● मोलुङ खोलामा जलाधारको समग्र उपयोगका लागी माछापालन, र सिंचाई वहुउद्देश्यीय सम्भाब्यता अध्ययन गरी प्रतिवेदन तयार गरिनेछ ।

## वातावरण संरक्षण :

● नेपाल सरकारले तयार गरी लागु गरेको वातावरणमैत्री स्थानीय शासनको प्रारुप अनुसार यस गाउँपालिकाले यसै आ.व.देखी नै कार्य आरम्भ गर्नेछ र यस प्रारुपलाई गाउँपालिकाको मुल नीतिको रुपमा लिई सम्बन्धित कार्यक्रम सञ्चालन गर्ने छ ।

● प्राकृतिक वातावरणको संरक्षण, पुनःस्थापना र दिगो उपयोगमा जोड दिईनेछ ।

● वातावरण व्यवस्थापनको लागि संस्थागत विकास गर्ने विभिन्न निकायहरुको भूमिका र जिम्मेवारीमा स्पष्टता ल्याई पूर्वाधार विकास कार्यलाई वातावरण मैत्री बनाइनेछ ।

● जलवायु अनुकुलित गाउँपालिका प्रदुषण न्युनीकरण र दिगो विकासका लागि वातावरण मैत्री कार्यक्रमहरुलाई जोड दिइनेछ ।

## फोहोर मैला व्यवस्थापन (Sanitary Land fill Sites):

● गाँउपालिका भित्र स्थापित फोहोर मैला व्यवस्थापन केन्द्रलाई स्थापना गरी त्यसलाई व्यवस्थीत र प्रभावकारी बनाउने नीति लिइनेछ ।

● नागरिकहरुमा कुहिने र नकुहिने फोहोर मैलाको बर्गीकरण गरि फोहोरलाई उपयुक्त स्थान व्यवस्थापन गर्न सहयोग पुऱ्याउने खालको कार्यक्रमहरु संचालन गरिनेछ ।

● सडकहरुमा चल्ने सवारी साधनबाट निष्कने फोहोरलाई न्युनीकरण र नियन्त्रण गर्न निश्चित स्थानमा विसर्जन गर्ने व्यवस्था मिलाइने छ ।

## जल उत्पन्न प्रकोप नियन्त्रण :

● बर्षाको समयमा हुन सक्ने बाढी पहिरो रोकथाम गर्नको लागि सचेतना कार्यक्रम तथा तत्काल उद्धारको लागि प्रयोग हुने सामाग्री र जनशक्तिको व्यवस्थापन गरिनेछ ।

## विपद व्यवस्थापन :

● आकस्मिक रुपमा आइपर्न सक्ने विपदको व्यवस्थापन गर्नको लागि समुदाय, सरोकारवाला संघ संस्थाहरु सँग समन्वय गरी विपद पूर्वको तयारी, विपद पश्चातको उद्धार कार्यक्रमहरु बनाई लागु गर्ने नीति लिइनेछ।

●विपदको पूर्व तयारीका लागि १ देखि ८ नं. वडामा वडा स्तरीय विपत व्यवस्तापन समिती गठन गरिने छ ।

**उपस्थित महानुभावहरु,**
**अब म यस मोलुङ गाउँपालिकाको आ.व २०७६।०७७ को संस्थागत विकास तथा सेवा प्रवाह तर्फको बार्षिक निति तथा कार्यक्रम प्रस्तुत गर्दछु ।**

**१) मानव संसोधन विकास :**

● सामाजिक आर्थिक उद्यमशीलताको विकास गर्दै युवाहरुलाई रोजगारी तथा स्वरोजगारी र सामाजिक कार्यका लागि अवसर प्रदान गरिनेछ ।

● श्रम बजारमा माग अनुरुपको जनशक्ति तयार गर्न आवश्यक कार्यक्रमहरु तय गरी लागु गरिनेछ ।

**२) सामान्य सेवा व्यवस्थापन :**

● सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, चुस्त, गुणस्तरीय र नागरिक मैत्री बनाउने नीति लिइनेछ ।

● वर्षको एक पटक प्रत्येक वडाहरुमा घुम्ती सेवा प्रदान गर्ने नीति लिइनेछ ।

**३) संस्थागत क्षमता विकास :**

● समय सापेक्ष कर्मचारी र पदाधिकारीहरुको क्षमता विकासको लागि सयम समयमा तालिम, गोष्ठि, अभिमुखीकरणका कार्यक्रमहरु संचालन गर्ने नीति लिइनेछ ।

● गाउँपालिका, वडा र विषयगत कार्यालयहरुमा सूचना प्रविधिमा आधारित उपकरणको व्यवस्था गरी सेवा प्रवाहलाई चुस्त दुरुस्त बनाउने नीति लिइनेछ ।

**४) राजश्व परिचालन :**

● आ.व ०७६।०७७ देखि एकीकृत सम्पती कर नियम बनाई लागु गरिनेछ ।

● गाउँपालिकाको आन्तरिक आम्दानी बृद्धि गर्ने स्रोतहरुको पहिचान गरि राजश्वको परिचालन गरिनेछ ।

● नागरिकहरुमा कर तिर्ने बानिको विकास गरि राजश्व चुहावट प्रबृद्धिलाई निरुत्साहित गरिनेछ ।

● निकासी कर, पटके कर, व्यवसायीक कर, ढुङ्गा गिटी र वालुवाको उत्खनन् र निकासीबाट राजस्व संकलन गर्ने नीति लिइनेछ ।

**५) वित्तिय व्यवस्थापन :**

● गाउँपालिकाको आर्थिक कारोवारहरुलाई पारदर्शी र चुस्त बनाउन आर्थिर्क कारोबारलाई अनलाइन प्रविधि **SUTRA ,**संचित कोष व्यवस्थापन प्रणाली मार्फत गर्ने नीति लिइनेछ ।

●लेखा व्यवस्थापन तथा लेखापालनलाई मितव्ययी र प्रभावकारी बनाइने छ ।

●सार्वजनिक खर्चको मितव्ययीतालाई विशेष ग्राहयता दिइने छ ।

● आन्तरिक लेखा परीक्षण प्रणाली लाई व्यवस्थित र प्रभावकारी बनाई आन्तरिक लेखा नियन्त्रण गर्ने नीति लिइनेछ ।

**६) सुरक्षा व्यवस्थापन :**

● गाउँपालिको केन्द्र, लगायत सुरक्षाको उच्च जोखिम रहेका क्षेत्रहरुमा सिसि क्यामरा जडान गरी आवश्यक निगरानी राखिनेछ ।

● चोरी, लागुऔषद्य तथा अन्य अपराधिक क्रियाकलापहरुलाई नियन्त्रण गर्न सुरक्षा निकायसँग समन्वय र सहकार्य गर्ने नीति लिइनेछ ।

**७) स्थानीय तथ्यांक संकलन र अभिलेख व्यवस्थापन :**

● गाउँपालिकाको विभिन्न क्षेत्र संग सम्वन्धी तथ्यांकहरु संकलन कार्यलाई मूर्तरुप दिई गाउँपालिका पार्श्वचित्र तयार गरिनेछ ।

● पालिका र वडा स्तरीय अभिलेख व्यवस्थापन कार्यलाई प्रविधि मैत्रि बनाईनेछ ।

**८) सूचना प्रविधि :**

● गाउँपालिकाबाट प्रदान गरिने सेवा सुविधा, कार्यक्रम, सूचना प्रवाह प्रणालीलाई प्रभाबकारी र पारदर्शी बनाउनको लागी WEBSITE, Mobile Apps मार्फत  समयमा सार्वजनिक गर्ने र अनलाइन सेवा प्रवाहको नीति लिइनेछ ।

● वडा कार्यालयहरुबीच इन्टरनेटको माध्यमबाट रिपोर्ट पेश र सुचना आदान प्रदान गर्ने प्रणालीको विकास गरिनेछ ।

● नागरिकहरुमा इन्टनेटको माध्यमबाट सूचना लिने, दिने, गुनासो टिपोट गराउने प्रणालीको विकास गरिनेछ ।

● गाउँपालिकाको केन्द्रमा डिजिटल नागरिक वडापत्रको व्यवस्था गरिनेछ ।

९) सार्वजनिक सुनुवाई :

● गाउँपालिकाको सेवा प्रवाहको प्रभावकारिता र पारदर्शिता सम्वन्धमा प्रत्येक चौमासिकमा सार्वजनिक सुनुवाईको कार्यक्रम गर्ने नीति लिइनेछ ।

● कार्यालयको सुझावपेटिका मार्फत प्राप्त गुनासाहरुलाई दैनिक रुपमा प्राप्त गरी फछ्यौट गर्दै जाने नीति लिईने छ ।

**१०) पञ्जीकरण व्यवस्थापन :**

● गाउँपालिकाको व्यक्तिगत घटना दर्ता अनलाइन प्रणाली, , सामाजिक सुरक्षा भत्तालाई आधुनिक बैंकिङ प्रणाली मार्फत वितरण गर्ने व्यवस्था मिलाइनेछ ।

● अनलाइन व्यक्तिगत घटना दर्ता प्रत्येक वडा कार्यालय मार्फत संचालन गर्ने व्यवस्था मिलाइने छ।

**११) सुशासन प्रवर्द्धन :**

● कर्मचारीलाई सेवाप्रति लगनशील र कर्तव्यनिष्ठ बनाई जनमुखी सेवा प्रवाहमा जोड दिइनेछ र यसको लागि दण्ड र पुरस्कारको नीति कार्यान्वयनमा ल्याइने छ ।

● गाउँ कार्यपालिका कार्यालयलाई भ्रष्टाचार मुक्त र सदाचार युक्त बनाउन सुशासनका आधारभूत मान्यताहरुलाई आत्मसात गर्दै तद अनुकुलको व्यवहार गर्दै लगिने छ ।

●कर्मचारीको मनोवल उच्च पार्ने नीति लिइने छ । कार्यालयको हित र आन्तरिक आयमा सक्रिय रुपमा लाग्ने कर्मचारीलाई उत्कृष्ट कर्मचारी घोषणा गर्न आवश्यक मापदण्ड तयार गरिने छ ।

**१२) वेरुजु फछ्यौट :**

● हालसम्मको बेरुजुलाई शुन्यमा झार्ने नीति लिइने छ , पेश्की दिने कार्यलाई निरुत्साहित गरिने छ । पुरानो पेश्की फछ्यौट बाँकी रहेका व्यक्ति वा संघसंस्थाहरुलाई अविलम्वन्न पेश्की फछ्यौट गराउन आवश्यक पहल गरिने छ ।

**१३) अन्य नीतिहरु :**

● प्रत्येक बिकास निर्माणका योजनाहरुमा DPR बनाई अन्य प्रकृया बनाई अगाडि बढाईनेछ ।

● मोलुङ २ मा रहेको शहिद पार्कलाई संरक्षण एवंम सम्बर्द्धनमा बिषेश जोड दिईनेछ ।

● मोलुङ गाउँपालिका भित्र कार्यक्रम सञ्चालन गर्दै गरेका र कार्यक्रम सञ्चालन गर्ने लक्ष्य रहेका विभिन्न गैर सरकारी संघ संस्थाहरुलाई गाउँपालिकाको अनुमति लिएर मात्र कार्यक्रम सञ्चालन गर्ने व्यवस्ता मिलाईने छ ॥

● गाउँपालिकाका सवै वडाहरुमा वडा स्तरीय मेलमिलाप समितिको गठन गरी वडा तहमै न्याय निरुपण गर्ने नीति लिइनेछ ।

● साहित्य क्षेत्रको बिकासका लागि मोलुङ साहित्य प्रतिष्ठानको स्थापना गरिनेछ ।

● युग कवि सिद्धिचरण श्रेष्ठको स्मृतिमा विभिन्न साहित्यिक गतिविधि संचालन गरिनेछ ।

● गाउँपालिका भित्रका कला, सँस्कृति र सृजनामा लागेका सर्जकहरु तथा बौद्धिक व्यक्तित्वहरुलाई सम्मान तथा पुरस्कृत गरिनेछ ।

**उपस्थित महानुभावहरु,**

**आ.व. २०७६/०७७ मा मोलुङ गाउँपालिकाको आय विवरण प्रस्तुत गर्ने अनुमति माग्दछु ।**

मोलुङ गाउँपालिकाको आ.व. २०७६/०७७ को आय विवरण देहाय बमोजिम रहेको छ ।

| गाउँपालिकाको नाम :- मोलुङ गाउँपालिका | | | | सभामा बजेट पेश गरेको मिति :-२०७६/०३/१० | | | |
|---|---|---|---|---|---|---|---|
| सि.नं. | विवरण | आन्तरिक श्रोत | राजश्व बाडँफाँड | वित्तिय समानीकरण | सशर्त अनुदान | कुल बजेट | कै. |
| १ | संघ | – | रु. ५९७०००००।- | रु. ७६६०००००।- | रु. १५७९०००००।- | रु. २९४२०००००।- | |
| २ | प्रदेश | – | रु. ३०११०००।- | रु. ६९८६०००।- | – | रु. ९९९८०००।- | |
| ३ | गाउँपालिका | रु. १५०००००।- | - | – | – | रु. १५०००००।- | |
| | | | | | | जम्मा रु. ३०५६९७०००।- | |

सम्पूर्ण महानुभावहरु आ.व. २०७६/०७७ को संघ, प्रदेश र गाउँपालिकाको आन्तरिक श्रोत गरी जम्मा आय रु. ३०५६९७०००।- रहेको जानकारी गराउन चाहन्छु ।

**उपस्थित महानुभावहरु,**

**र अन्तमा, माथिका निति तथा कार्यर्कम कार्यान्वयन गर्न देहाय बमोजिमको बजेट बिनियोजन गर्ने व्यवस्था गरेको छु ।**

| सि.नं. | विषयगत क्षेत्र | विनियोजित बजेट | कैफियत |
|---|---|---|---|
| १ | चालुगत खर्च तर्फ | रु. ६१७९७०००।- | |
| २ | आर्थिक बिकास तर्फ | रु. ७००००००।- | |
| ३ | सामाजिक विकास तर्फ | रु.२२००००००।- | |
| ४ | पूर्वाधार विकास तर्फ | रु.४२००००००।- | |
| ५ | बन बाताबरण तथा विपत व्यवस्थापन तर्फ | रु. ३००००००।- | |
| ६ | सुशासन तथा संस्थागत बिकास तर्फ | रु. २५०००००।- | |
| ७ | समपुरक कोष तर्फ | रु. ६५०००००।- | |
| ८ | न्यायिक समिति तर्फ | रु. १००००००।- | |
| ९ | बातावरणिय प्रभाव मुल्याङ्कन (IEE) तर्फ | रु. १५०००००।- | |
| १० | गाउँपालिका पार्श्वचित्र(Village Profile निर्माण | रु. ५०००००।- | |
| ११ | सशर्त अनुदानतर्फ | रु. १५७९०००००।- | |
| | जम्मा | रु. ३०५६९७०००।- | |

**उपस्थित महानुभावहरु,**

आ.व. २०७६/०७७ को लागि एकमुष्ट पुँजीगत एवं बिषयगत शिर्षकमा रु ८ करोड ६० लाख, सशर्त अनुदान तर्फ रु. १५ करोड ७९ लाख र चालु तर्फ ६ करोड १७ लाख ९७ हजार गरी जद्दज्ञम्मा ३० करोड ५६ लाख ९७ हजार बजेट बिनियोजन गरेको छु ।

**आदरणीय उपाध्यक्ष ज्यू,वडा अध्यक्ष ज्यूहरु,कार्यापालिका तथा गाउँ सभाका सदस्य ज्यूहरु, र राष्ट्र सेवक कर्मचारी मित्रहरु , सुरक्षा निकायका पार्टी प्रतिनिधी ज्यू,पत्रकार मित्र तथा सम्पूर्ण मोलुङबासीहरुमा समृद्ध नेपाल सुखि नेपालीको नारालाई आत्मसाथ गर्न साथ सहयोगको अपेक्षा गर्दै आर्थिक बर्ष २०७६/२०७७ को बार्षिक निति तथा कार्यक्रम समापन गर्दछु ।**

**मणिराज राई**
**अध्यक्ष**
**मोलुङ गाउँपालिका**

**ईति सम्बत २०७६ साल असार १० गते रोज ३ शुभम ।**

# धन्यवाद ।